म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१६ बिहीबार १४ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 29 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## घर फोडेर चोरी गर्ने युवक पक्राउ

हेटौंडा, १३ असार/काठमाडौंको कीर्तिपुरमा तीन घरमा चोरीमा संलग्न हेटौंडाका एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका-१८ घर भएका २२ बर्षीय प्रताप बम्जन रहेका छन् । प्रहरी वृत्त कीर्तिपुरबाट गस्तीमा खटिएको प्रहरी टोलीले बुधबार विहान तीन बजे कीर्तिपुर नगरपालिका-८ पाँगा लाछीबाट बम्जनलाई पक्राउ गरेको हो । विहान तीन बजे शंकास्पद रुपमा हिँडडुल गरिरहेका बम्जनलाई पक्राउ गरी खानतलासी गर्ने क्रममा उनको साथबाट दुईवटा ल्यापटप, दुई हजार रकम, सामसुङ, रियलमी र आइफोन गरी तीनवटा मोबाइल बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । प्रहरीका अनुसार उनले बोकेको झोलाबाट च्यानल गेट र झ्याल फुटाउन प्रयोग हुने एल आकारको दुवैतिर चुच्चो भएको १ फिट ८ ईन्च लम्बाई, ८ ईन्च गोलाई भएको फलामको रड समेत बरामद गरेको छ । बरामद गरेको सामान प्रारम्भिक सोधपुछ गर्दा उनले कीर्तिपुर वडा नम्बर ८ अन्तर्गतमा २ देखि ३ बजेभित्र तीनवटा घरमा चोरी गरेको खुल्न आएको काठमाडौं प्रहरी परिसरले जनाएको छ ।

### दोस्रो दिन पनि प्रदेशसभा अवरुद्ध

# बजेट संशोधन नभए सदन चल्न नदिने विपक्षी दलको चेतावनी

निशा गुरुङ

हेटौंडा, १३ असार/ विपक्षी दलको विरोधका कारण बजेटमाथि छलफल सुरु हुन नसक्दा बागमती प्रदेशसभा बैठक स्थगित भएको छ । बुधवार ११ बजेदेखि सुरु हुने भनिएको प्रदेशसभा बैठक अपराह्न राप्रपा संसदीय दलका नेता उद्धव थापाले बोलेपछि सभामुख भुवनकुमार पाठकले १७ असार सम्मलाई प्रदेशसभा बैठक स्थगित गरेका छन् ।

१ असारमा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याइएको बजेटमाथि मंगलवारबाट छलफल सुरु गर्न बैठक बोलाइएको थियो । मंगलवार तीन चरणसम्म बैठक बोलाएर पनि नेकपा एमाले र राप्रपाको अवरोधपछि प्रदेशसभा बैठक बुधवार बिहान ११ बजेलाई राखिएको थियो । तर, बजेटमाथि असन्तुष्टि जनाउँदै प्रदेशको विपक्षी दल नेकपा एमाले र राप्रपाले अवरोध कायम राख्ने भएपछि बजेटको छलफल नै सुरु हुन सकेको छैन । बुधवार प्रदेशसभामा अनौठो दृश्य देखिएको छ ।

प्रदेशको इतिहासमा पहिलोपटक सत्तापक्ष नै बैठकमा अनुपस्थित भए । प्रतिपक्षले बैठक बहिष्कार गर्ने गरेका घटना भइरहे पनि हेटौंडा-१० स्थित प्रदेशसभा भवनमा सत्तापक्ष नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) का सांसदहरुकै उपस्थिति थिएन । वुधवार ११ बजे बोलाइएको बैठक १ बजे सुरु गर्ने भनिए पनि सत्तापक्षका सांसदहरु नै प्रदेशसभा भवनमा नआएपछि साँझ ५ बजे बैठक बस्ने सूचना टाँस गरिएको थियो । ५ बजेपछि बैठकको पूर्वसन्ध्यामा प्रदेशसभा आइपुगेका सत्तापक्षका सांसदहरु बैठक नबस्ने भन्दै बाहिरिएका थिए ।

### सत्तापक्षकै सांसद अनुपस्थित



बैठक सुरु हुनुपूर्व मुख्यमन्त्री शालिकराम जम्कट्टेल, कांग्रेसका तीन मन्त्री आइपुगेका थिए । मुख्यमन्त्री जम्कट्टेल, आर्थिक मामिला तथा योजनमन्त्री बहादुरसिं लामा, खानेपानी ऊर्जा तथा सिंचाइमन्त्री तीर्थबहादुर लामा, पर्यटनमन्त्री पुकार महर्जन, कृषिमन्त्री राजेन्द्रमान श्रेष्ठ, स्वास्थ्यमन्त्री उत्तम जोशी उपस्थित थिए । सत्तापक्षका सांसद बस्ने टेबलमा कांग्रेसका इन्द्रबहादुर बानियाँ मात्रै थिए । विपक्षी दल एमाले र राप्रपाका गरी २६ जना सांसद थिए ।

प्रतिपक्षी दल नेकपा एमाले र राप्रपाले बैठक अवरुद्ध गर्ने भएपछि सत्तापक्षका सांसदहरु नै बैठकमा अनुपस्थित भएका हुन् । एमाले र राप्रपाले बजेट संशोधनको माग राखेको छ । बजेट संशोधन नभएसम्म बैठक चल्न नदिने अडान एमाले र राप्रपाको छ । वुधबारको अन्तिम बैठकमा बोलेका राप्रपाका नेता थापाले बजेट संशोधनको माग राखेका छन् ।

थापाले प्रदेश सरकारले असन्तुलित, पक्षपाती र अबैज्ञानिक बजेट ल्याएको आरोप लगाएका थिए । 'तपाईहरु आफ्नो क्षेत्रको मात्रै मुख्यमन्त्री होकि, सिङ्गो बागमती प्रदेशको मुख्यमन्त्री हो ?' थापाले प्रश्न गरे, 'त्यो कुरा नै बास्तवमा प्रष्ट भएन ।' थापाले बागमती प्रदेश सरकार सानो घेरामा खुशी भएर बस्न चाहेको आरोप लगाए । थापाले प्रदेश सरकारले टुक्रे योजना नल्याउने भन्दै भाषण गरेको तर, बजेट वक्तव्यमा ५ लाख रुपैयाँसम्मको बजेट देखिएको बताए । उनले आगामी वर्षको बजेट पनि ६० प्रतिशत भन्दा माथि पुँजिगत खर्च गर्न नसक्ने भन्दै १२ हजार भन्दा बढी योजनाहरु कसरी सम्झौता गर्ने भन्दै प्रश्न गरे ।

'हिजो पनि सदन हामीले अवरुद्ध गर्‍यौं । हाम्रो कुरालाई सम्बोधन गर्दिनुस, समय छ । हामी पनि तपाईहरुसँग बसेर एउटा प्रक्रियामा अगाडि जानको लागि समर्थन गर्छौं,' थापाले भने, 'यदि सरकारले कुनै पनि प्रकारका विषयमा प्रतिपक्षलाई बोलाएर कुरा गर्ने अवस्था सिर्जना नभएसम्मको लागि यो सदन अवरुद्ध गर्छौं यो सदन चल्न दिदैनौं ।'

मंगलवारको बैठक पनि अवरोध गर्दै नेकपा एमाले र राप्रपाका सांसदहरुले नेकपा माओवादी केन्द्र नेतृत्वको सरकारको बजेटलाई जनताविरोधी भन्दै नाराबाजी गरेका थिए । मंगलवारको प्रदेशसभा बैठकमा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले सरकारले ल्याएको बजेटमा धेरै जनता विरोधी काम राखिएको आरोप लगाएका थिए । सरकारले सडक निर्माण र डिप बोरिङको लागि भन्दै ५ लाखको बजेट विनियोजन गर्नु निकै लज्जास्पद विषय भएको भन्दै उनले यस्ताखालको विषय प्रदेश सरकारको लाजको विषय भएको बताए थिए ।

आर्थिक मामिला तथा योजनामन्त्री लामाले विपक्षी दलहरुसँग बजेटका सम्बन्धमा कुरा भइरहेको र सहमतिको प्रयास भइरहेको बताए । मुख्यमन्त्री जम्कट्टेल र अर्थमन्त्री लामाले सोमबार साँझ एमाले संसदीय दलका नेता जगन्नाथ थपलियासँग वार्ता गरेका थिए । तर, सहमति हुन नसकेको जनाइएको छ ।

# मुख्यमन्त्रीको जिल्लाबासी किसानद्वारा हेटौंडामा नाराबाजी

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ मुख्यमन्त्री शालिकराम जम्कट्टेलको गृहजिल्ला धादिङका किसानले हेटौंडा आएर विरोध प्रदर्शन गरेका छन् ।

प्रदेश सरकारले ल्याएको बजेटमाथि असन्तुष्टि जनाउँदै धादिङबासी किसानले मंगलबार हेटौंडा-१०, स्थित प्रदेशसभा भवनमा विरोध प्रदर्शनसहित धर्ना दिएका हन् । उनीहरुले नाराबाजीसमेत गरेका थिए । सम्भवत: बाहिरी जिल्लाबाट किसानहरु आएर हेटौंडामा प्रदेश सरकारविरुद्ध विरोध प्रदर्शन गरेको पहिलो पटक हो । मुख्यमन्त्री जम्कट्टेलकै जिल्लाबासी किसानको पीडा हेटौंडामा पोखिँदा अन्य जिल्लामा बिनियोजित बजेटको अवस्थाबारे सहजै आंकलन गर्न सकिने विपक्षी दलले आरोप लगाएका छन् ।

'बजेटको ढाडु, पन्यौं आफ्नै हातमा भएको मुख्यमन्त्रीको जिल्लाकै किसानको अवस्था त हेटौंडा आएर विरोध गर्नुपर्ने छ । यसलाई नै आधार मान्दा पनि अन्य जिल्लामा बजेट कसरी बिनियोजन भएको छ भनेर सहजै अनुमान लगाउन सकिन्छ,' एमालेका एक सांसदले भने । सरकारमा बसेर किसानको पीडा सम्बोधन गर्न नसक्ने सरकारले नैतिक रुपमा सत्ता छोड्नुपर्ने सांसदहरुको आरोप छ । प्रदेशसभा भवन बाहिर धर्ना दिइरहेका धादिङका किसानलाई मुख्यमन्त्री जम्कट्टेलले छलफलका लागि बोलाएका थिए ।



धादिङका किसानले बाँदर आतंक नियन्त्रण गर्न कुनै योजना र बजेट व्यवस्था नगरेको भन्दै सरकारविरुद्ध नाराबाजी गरेका हुन् । धादिङको नीलकण्ठ नगर पालिका सिद्धलेक गाउँपालिकालगायतका पालिकाबाट १ सय ५० जना भन्दा बढी किसानले बाँदर नियन्त्रण गर्न माग गर्दै नाराबाजी गरेका थिए । उनीहरुले किसान मार्न पाइँदैन, बाँदर पाल्न पाइँदैन, बादर आतंक बन्द गर, प्रदेश सरकार कहाँ छ ? बाँदर पीडित यहीं छ जस्ता नारा लगाएका थिए । दुईवटा बस रिर्जभ गरेर हेटौंडा आइपुगेका ढेडसयको संख्यामा रहेका किसानले बाँदरले जनजीवनमा समस्या पार्दासमेत प्रदेश सरकार गम्भीर नबनेको गुनासो गरेका हुन् ।

धादिङको निलकण्ठ नगरपालिका, सिद्धलेक गाउँपालिका, ज्वालामुखी गाउँपालिकाका किसानले अन्तराष्ट्रिय कानून देखाएर बाँदर आतंक बन्द नगरेको भन्दै प्रदेशसभा भवन परिषरमा प्रर्दशन गरेका थिए । बाँदर आतंकको कारण ठुलो समस्या हुँदा पनि प्रदेश सरकार कानमा तेल हालेर बसेको पीडितको आरोप छ ।

# बकैयाको बलात्कारपछि हत्या घटनाका दोषी १२ वर्षपछि पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/१२ वर्षअघि मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा भएका बलात्कारपछि हत्या घटनाका दोषि काठमाडौंबाट पक्राउ परेका छन् ।

साविक छतिवन गाविस-९ दोभानमा १२ वर्षअघि भएको सामूहिक बलात्कारपछि हत्या घटनामा दोषी ठहर भएका सूर्य थोकरलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पक्राउ गरेको हो । थोकरसहितको समूहले ठूलीकान्छी बललाई बलात्कारपछि धारिलो हतियार प्रयोग गरी हत्या गरेको जिल्ला अदालत मकवानपुर को ठहर छ ।

दुई वर्षअघि मात्र मकवानपुर जिल्ला अदालतले थोकर लाई ४४ वर्ष जेल सजाय सुनाएको थियो । घटनाका बेला सूर्य २१ वर्षका थिए । त्यसयता थोकर फरार रहेका थिए ।

अदालतले सूर्यलाई ज्यान मारेकोतर्फ २० वर्ष, ज्यान मार्ने षड्यन्त्र गरेबापत १२ वर्ष, जबर जस्ती करणीतर्फ ७ वर्ष र सामूहिक जबरजस्ती करणीतर्फ ५ वर्ष सजाय सुनाएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित
हेटौंडा कृषि तरकारी बजार
हेटौंडा-४, मेनरोड, नारायणी मल संगै
यस तरकारी बजारको सेवाहरु:




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला
९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८

गोदमघर भाडामा चाहियो ?
मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।
सम्पर्क : ९८०२५३०३०३

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट
प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।
भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।
सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८०२९२७७ (प्रिन्सिपल)

साझाकुरा

## हाम्रो कुरा

# माछाको भुरा निर्यात

हेटौंडामा उत्पादित विभिन्न जातका माछाका भुरा भारतमा निर्यात भइरहको छ । नेपालसगँको सीमाक्षेत्रका भारतीय किसानले माछाका भुरा लाने गरेको हेटौंडास्थित प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्रले जनाएको छ । भारतीय किसानले वारा, पर्सा र रौतहटका किसानमार्फत् राम्रो नश्लका भुरा लैजाने गरेका छन् । हरेक वर्ष १० लाख भन्दाबढी माछाका भुरा भारतमा निर्यात हुने गरेको छ । चालु आर्थिक वर्षको असार १० गतेसम्म चार करोड ३५ लाख भन्दाबढी माछाका भुरा उत्पादन गरी बिक्री गरेको छ । किसानको मागबमोजिम विगतको तुलनामा माछाको भुरा उत्पादन र बिक्री बढ्दै गएको छ । विगतमा प्रत्येक वर्ष तीन करोड माछाको भुरा उत्पादन तथा बिक्री हुँदै आएकामा व्यवस्थापनमा सुधार आएपछि यसवर्ष माछा र भुराको उत्पादन वृद्धि गरिएको हो । त्यसका लागि कार्यालयमा भएका पोखरी मर्मत र सुधार गरिएको छ । थप भुरा र माछा उत्पादनका लागि पोखरीको क्षमता विकास, सरसफाई, मर्मत र निर्माणको कामलाई निरन्तरता दिइएको छ । यहाँ रहेको माछा फार्मबाट सात प्रजातिका माछा प्रजनन गरी भुरा बिक्री गर्दै आएको छ ।

मकवानपुरको राप्ती, मनहरी, लोथर, कर्रा, सीमात, बकैया, सामरीलगायतका खोलामा दैनिक रुपमा करेन्ट लगाउने र बिषादि प्रयोग गरी माछा मार्ने गरिएका कारण रैथाने माछा संकटमा पर्दै गएको छ । एकातिर रैथाने माछा संकटमा पर्दै गएको छ भने अर्कोतिर भारतबाट आउने गुणस्तरहिन माछाले हाम्रो स्वास्थ्यमा गंभिर समस्या बढाइरहेको छ । सरकारले माछापालन गर्न स्थानीयलाई उत्प्रेरीत गर्ने योजना अघि सार्नु जरुरी छ । एक दसक अघिसम्म राप्तीखोलामा ३७ प्रजातिका रैथाने माछा फेला परेको एक अध्ययनमा देखिएको थियो । बिगतमा कति प्रजातिका माछा थिए भन्ने बिषयमा कतै पनि अध्ययन भएको छैन । र पछिल्ला वर्षमा राप्तीमा पाईने रैथाने माछा पनि लोप भइसकेको अवस्था छ । हाम्रा गाउँगाउँमा किसानले माछापालन सुरु गर्ने हो भने खोलाका रैथाने माछा लोप हुने खतरा केही हदसम्म भएपनि टर्ने थियो । माछाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायले कार्पसिस माछाको अध्ययनमा जोड दिनु जरुरी छ । मकवानपुरको हावापानीमा सुहाउने माछाका प्रजातिको विकास गरी ब्यावसायिक माछापालनमा स्थानीय किसानलाई आकर्षित गर्ने योजना ल्याउनुको बिकल्प छैन । काठमाडौं तथा हेटौंडा बजारका लागि खाने माछा उत्पादन गरी आपूर्ति गर्ने उद्देश्यले २०२४ सालमा स्थापित यो केन्द्रको समय सापेक्ष काम र नाममा परिर्वतन हुँदै आएको छ । हेटौंडामा उत्पादन भएको माछा रज्जुमार्गबाट काठमाडौंका उपभोक्ताबीच पुऱ्याइन्थ्यो । आज यो कुरा दन्त्यकथा जस्तै भएको छ । एकादेशको कथा भनेर बर्तमान पुस्तालाई माछापालनमा आकर्षित गर्न सकिन्न । तर, ईतिहासका केही यस्ता कालखण्ड जुन बर्तमान युवापुस्ताका लागि मार्गदर्शन बन्न सक्छ ।

४७ दशमलव नौ हेक्टर जमिनमा फैलिएको यो केन्द्र सरकारी स्वामित्वको माछा अनुसन्धान केन्द्रको रुपमा परिचित छ । यसले बिगतको साख जोगाएर युवापुस्तालाई माछापालनमा आकर्षित गर्न जरुरी छ । भारतीय बजारबाट फर्मालिन हालेर ल्याइएका माछा उपभोग गरिरहेका हाम्रो समाजलाई ताजामाछा उपलब्ध गराउन यो केन्द्रले बहुआयामिक योजना बनाउनु पर्छ । खाडीमा रोजगारी खोज्दै ओइरिने युवापुस्तालाई नेपालमै स्वरोजगारीको सम्भावना छ भन्ने कुरा देखाउन पनि यो केन्द्रले चासो राख्नै पर्छ । हेटौंडामा उत्पादन भएका माछाका भुरा भारतीय किसानले किन लगिरहेका छन् भन्ने प्रश्न आफैंमा रोचक छ । भारतमा माछाका भुरा उत्पादन नभएर हेटौंडाबाट लगेका होइनन् । यहाँका माछाका भुराको गुणस्तर उत्कृष्ठ भएकै कारण लगेका हुन् । हामीले उत्पादन गरेको गुणस्तरीय माछाका भुरा भारतीय किसानले लैजाने तर, हामीले चाहिँ भारतीय बजारबाट १५ दिन अघि मरेका माछा जुन फर्मालिन हालेर ल्याएको हुन्छ त्यो खानुपर्ने यो बिडम्बना नै हो । यस्ता बिषयमा बहस गरौं र सुधारात्मक दिशमा अगाडि बढौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १५ गते शुक्रबार ३० जुन २०२३ । द्वादशी, आसाढ शुक्लपक्ष । दिल्लाध्व ११४३ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ । दही-चिउरा खाने दिन । राष्ट्रिय धान दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दैनिक आयमा कमी | **तुला** | : दुस्चिन्ताले पिरोल्ने |
| **वृष** | : मांगलिक कार्य सम्पादन | **वृश्चिक** | : यात्रामा भयले सताउने |
| **मिथुन** | : कार्यमा बाधा | **धनु** | : उपचार खर्च वृद्धि हुने |
| **कर्कट** | : आकस्मिक लाभ हुने | **मकर** | : मानसम्मान मिल्ने |
| **सिंह** | : अर्थहानि हुने | **कुम्भ** | : जोस एवम् जांगर बढ्ने |
| **कन्या** | : स्थानान्तरण हुनसक्ने | **मीन** | : बादविवाद बढ्ने |

# जनतालाई शक्तिशाली बनाउन निर्वाचन प्रणाली परिमार्जन गर्नुपर्छ



प्रकाश राई

माओवादी सशस्त्र द्वन्द्वको बेला निर्वाचन प्रणालीबारे कसरी सहमति कायम गर्न सकिन्छ भनेर देश बाहिर जाने, कुराकानी गर्ने चलन थियो । त्यसक्रममा समानुपातिक वा मिश्रित निर्वाचन प्रणाली उपयुक्त हुने बुझाइ बन्यो ।

त्यतिबेला झलनाथ खनाल नेकपा एमाले अध्यक्ष भइसक्नुभएको थिएन । एमाले र कांग्रेसको मत बराबरी जस्तो हुन्थ्यो, तर २/३ प्रतिशत मत कम भएका कारण जतिखेर पनि सत्ताभन्दा बाहिर रहने भयो । यदि पूरै समानुपातिक भयो भने कांग्रेस र एमाले उस्तै-उस्तै ठाउँमा पुग्छ जस्तो लाग्यो होला, उहाँले समानुपातिक निर्वाचन प्रणालीबारे कुराकानी गर्न थाल्नुभयो ।

त्यसबेला हामी नेपाली कांग्रेस प्रजातान्त्रिकमा थियौं । पार्टीको आकार सानै भएकाले तत्काल चुनाव भइहाल्यो र एक्लाएक्लै लड्नुपर्यो भने २०५६ मा एमालेबाट छुट्टिएर वामदेव गौतमजीको नेतृत्वमा बनेको मालेले जस्तै नियति भोग्नुपर्ला भन्ने डर थियो । गिरिजाबाबु (कांग्रेस सभापति)ले पार्टी मिलाउनुहुन्छ कि हुन्न थाहा थिएन । त्यसैले हामी पनि समानुपातिक निर्वाचन प्रणालीको स्वाभाविक पक्षधर हुन पुग्यौं । तर हामी प्रत्यक्ष निर्वाचन प्रणाली नै लोकतन्त्रको बलियो आधार हो भन्ने स्कुलिङबाट आएकाले मिश्रित भन्दा अरू बाटोमा जान तयार भएनौं ।

बेलायत र अमेरिकाको परम्पराबाट प्रभावित देशहरूलाई हेरेका छौं, जहाँ प्रत्यक्ष निर्वाचित प्रणाली नै छ । अमेरिकामा कुनै राज्यमा अलिअलि समानुपातिक प्रणालीको आंशिक अभ्यास छ, बेलायतमा त बहस मात्र छ । त्यसैले हामीलाई प्रत्यक्ष निर्वाचन प्रणाली बलियो अंश हो, यसलाई छोड्नुहुन्न भन्ने थियो । समानुपातिक पनि चाहिन्छ भनेपछि मिश्रित निर्वाचन प्रणालीमा जान हाम्रो र एमालेको पनि स्वार्थ मिल्यो ।

शान्ति प्रक्रियामा आएको माओवादीका लागि पनि अगाडि सार्ने यो नयाँ विकल्प रह्यो । किनकि सबैभन्दा बढी मगर, थारूहरूको समर्थनबाट उठेकाले माओवादीलाई समानुपातिक चाहिन्थ्यो होला जस्तो लाग्छ । त्यसमाथि आजसम्म पनि आफ्नै ढंगले जातजातिको मुद्दा उठाएर कुरा गर्न नथाकेका डा. बाबुराम भट्टराई त्यो बेलामा माओवादीमा झण्डै प्रचण्डकै हाराहारीमा हुनुहुन्थ्यो । त्यसैले हामी मिश्रित निर्वाचन प्रणालीमा गयौं ।

मिश्रित प्रणालीमा पनि सिंगल भोट कि डबल भोट भन्ने बहस कांग्रेस र एमालेबीच भएको थियो । सिंगल भोटिङ प्रणालीमा मतदाताले एक भोट हाल्छन्, जसलाई दुवैतिर प्रयोग गरिन्छ । खसेको मत प्रतिशत बराबर प्रत्यक्ष सिट जितेको छ/छैन हेरिन्छ । जितेको छ भने भइहाल्यो, छैन भने अपुग थप हुन्छ ।

हामीलाई त्यो चित्त बुझेन । मैले प्रत्यक्ष र समानुपातिकको अलग-अलग मत हाल्ने समानुपातिक मिश्रित प्रणालीको व्यवस्था गर्नुपर्छ भन्ने बलियो तर्क गरें र, त्यही कुरामा सहमति पनि थियो । त्यो बेला दुई कांग्रेस मिल्ने बाटोमा अगाडि बढिसकेको थियो । गिरिजाप्रसाद कोइरालाले कांग्रेस प्रजातान्त्रिकलाई सात दलमा जोडेर राखिसकेपछि कुनै विन्दुमा एकठाउँमा हुन्छौं भन्ने परिसकेको थियो । त्यसैले कहीं न कहीं ब्रोडर कांग्रेसको रुचि थियो ।

४०/६० मा पनि लामै बहस भएको थियो । सौभाग्यवश म राज्य व्यवस्था समितिमा थिएँ । ज्येष्ठ सदस्यका रूपमा आमोदप्रसाद उपाध्याय सभापति हुनुहुन्थ्यो । हामीले समानुपातिकतर्फ २५/३० प्रतिशत भए पुग्छ, ६० प्रतिशत बढी हुन्छ भनिरहेका थियौं । पछि ४० सम्म गरौं भन्यौं । उहाँहरू ६० भन्दा तल मान्दै मान्नुभएन । शायद, उहाँहरूलाई समानुपातिक प्रणाली भएपछि भएभरको समस्या समाधान हुन्छ जस्तो लाग्थ्यो । हाम्रो पार्टीमा पनि माओवादीलाई खुशी बनाउन खोज्ने मान्छेहरू हुँदा झर्दै-झर्दै ६० प्रतिशतकै छेउछाउ हुने तय भयो ।

मधेश आन्दोलनलाई सम्बोधन गर्ने क्रममा प्रत्यक्षतर्फ २०५ मा ३५ थपेर २४० बनायौं । त्यसको ६० प्रतिशत गर्दा समानुपातिक ३३५ भयो । त्यसपछि समानुपातिक छनोट विधिमा छलफल भयो । खस आर्यलाई किन चाहियो भनेर बहस पनि थियो । त्यही क्रममा हेर्दै जाँदा ३ हजार ९०० पालिकाको जनसंख्या बनोटबारे बालकृष्ण माबुहाङहरूको एउटा लेखमा मेरो ध्यान गयो । १० प्रतिशत वा सोभन्दा बढी जनसंख्या भएको गाउँहरू हेर्दा क्षेत्रीको ४०० बढी, थारूको १०८ र बाहुनको १०५ रहेछ । जबकि क्षेत्री र बाहुनको जनसंख्या त्यति फरक छैन । क्षेत्रीहरूको एकै ठाउँमा धेरै जनसंख्या कहाँ छ भनेर खोज्दै जाँदा सुदूरपश्चिम र मध्यपश्चिमका जिल्लाहरू देखिए । यो त पिछडिएको क्षेत्र हो, यहाँका क्षेत्रीलाई सम्बोधन गर्ने कुरा अरू क्षेत्रका क्षेत्री/बाहुनलाई जस्तो सम्बोधन गरेर हुन्न भनेर पिछडिएको क्षेत्रको अवधारणा आयो । भूगोल सबैले भनेकै थिए, माओवादीले आफ्नो आधार भएको क्षेत्र पनि भनेकाले यसमा सजिलै सहमति जुट्यो ।

नयाँ संविधान बनाउने बेला समानुपातिकलाई ६० बाट ४० प्रतिशतमा झार्ने सहमति जुट्यो । कांग्रेसले पहिलेदेखि ६० प्रतिशत अति भयो भनिरहेको थियो । नबोले पनि, नभने पनि माओवादीलाई पहिलो संविधानसभा चुनावमा १२० सिट जितेपछि समानुपातिक नभएको भए त बहुमत नै आएको थियो नि भन्ने परेकै होला । प्रत्यक्ष निर्वाचित सांसद र समानुपातिकबाट आएका सांसदहरूको संविधानसभामा योगदान आदिमा प्रश्न उठेकै थियो ।

हरेक पार्टीले कम्तीमा १० प्रतिशत महिला उम्मेदवार बनाउनुपर्ने प्रावधान थियो । त्यसको न्याचुरल प्रोगेसन (प्राकृतिक प्रगति)को बाटो भनेको १० को साटो १५/२० बनाउने हुनुपर्थ्यो । महिला अधिकारका लागि कुरा गर्नेहरूले निर्वाचन क्षेत्र तोक्नुपर्छ भन्नुभयो ।

मैले निर्वाचन क्षेत्र तोक्ने काम नगरौं, विस्तारै नेतृत्वमा लिएर जानुपर्छ भने २० प्रतिशत उम्मेदवार हुनुपर्ने व्यवस्था राखौं भनेको थिएँ । विद्यादेवी भण्डारी, हिसिला यमीले एक तिहाइ महिला हुनुपर्छ भनेर निकै जोड गर्नुभयो । कृष्णप्रसाद सिटौलाजीले एक तिहाइ गर्ने भन्नुभयो । अन्तिममा १० प्रतिशत उम्मेदवार बनाउनुपर्ने व्यवस्था हट्यो र एक तिहाइ महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्था भयो ।

हामीकहाँ धेरै दीर्घकालीन प्रभाव नबुझ्दा 'क्विक एण्ड डर्टी सोलुसन' चित्त बुझ्छ । त्यस्तै भएको छ । किनकि पढेलेखेको तुलनात्मक रूपमा वैभवशाली परिवारको महिला र दलितमध्ये कसले प्राथमिकता पाउनुपर्छ ? मेरो विचारमा दलितले होला ।

जसका लागि समानुपातिक व्यवस्था गरिएको थियो, उनीहरूले पनि प्रश्न गरे । दलितका लागि थियो, दलितहरूले नै नेताहरूको पकेटका नेताहरूले मात्र अवसर पाए भन्न थाले । समाजमा जनजाति आन्दोलन थियो, तर उनीहरूको कोटामा आउनेहरूमा त्यो आन्दोलनमा भएका विरलै पाइने भयो । त्यो मुद्दाका क्याम्पेनरहरू किनारा लाग्दै गए, पार्टीमा लोयलिस्टहरू बस्न थाले । महिलामा पनि यस्तै भयो, छनोटमा नपर्ने महिला नेतृले नै 'नेताहरूको गर्लफ्रेन्ड' आदि इत्यादि भनेर समानुपातिकमा छानिएका महिला सबैलाई अपमानित गर्ने भाषा प्रयोग गरे ।

त्यसलाई सुधार गर्न भनेर र्‍याङ्क अर्डर क्लोज लिस्ट राखियो । नेताहरूले सूची पठाउने बेलामा मिलाएपछि अरूलाई छिर्न नमिल्ने भयो, लिस्टमा भएकाहरूलाई ल्याउन बहस समेत गर्न नमिल्ने भयो । यो पनि 'क्विक एण्ड डर्टी सोलुसन' हो ।

यो पटकको चुनावमा केही मान्छेलाई इंगित गरेर फलाना आउने भनेर बहस भयो । व्यक्तिप्रतिको आक्रोशलाई मतलब राख्दिनँ, तर त्यसको प्रष्ट सन्देश हो, जसलाई संरक्षण चाहिएको हो, उसको भएको छैन । जसको प्रतिनिधित्व सुनिश्चित गर्न खोजेको हो, त्यही छुटेको छ । यो नेतालाई आफ्नो बफादार बनाउने साधन मात्र भयो । अब चुनाव जित्न सक्ने मान्छे चाहिएन, समानुपातिकमा आफ्नो भएपछि संसदीय दलको नेता बन्न सहज हुनेभयो । अझ नेतालाई ताकत दियौं । यसले पार्टीको लोकतन्त्रीकरणको प्रक्रियामा कहीं न कहीं अवरोध पुर्यायो भन्ने लाग्छ ।

त्यसो भए अब गर्ने के त ? कतिपयले प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचित मात्र र राष्ट्रिय सभालाई समानुपातिक निर्वाचन प्रणालीबाट बनाऔं भन्ने गरेको पनि सुनियो । तर प्रतिनिधिसभामा हुनुपर्ने प्रतिनिधिमूलक उपस्थिति नहुने प्रणाली न उचित छ, न यसको प्रस्तावको पक्षमा आम सहमति नै सम्भव होला । प्रतिनिधि सभाको अनुहार देशको विविधता झल्काउन सक्ने होस् भनेर हामीले समानुपातिक निर्वाचन प्रणाली ल्याएको भुल्नुहुँदैन ।

निर्वाचन प्रणालीको विकल्प सोचिर हँदा जसको प्रतिनिधित्व गराउन खोजेको हो, उनीहरूको प्रतिनिधित्व सुनिश्चित गराउनुपर्छ र यो सम्भव छ । यसको सूत्र खोज्नु अगाडि अघिल्ला २/३ वटा चुनावको नतिजालाई हेरौं । हाल समानुपातिकमा रहेका जात वा समुदायको कुल जनसंख्याको कम्तीमा आधा संसदमा छ कि छैन खोजौं । छ भने उनीहरूलाई समानुपातिकमा नराखौं, छैन भने राखौं । यसरी हेर्दा पिछडिएका क्षेत्र बाहेक चाहिएन । आदिवासी जनजाति, मधेशी लगायतमा पनि केही जातिलाई समानुपातिकमा राख्नु नपर्ने हुनसक्छ । यसले जसलाई प्रतिनिधिसभामा ल्याउन खोजिएको हो, उनीहरूका लागि समानुपातिक निर्वाचन प्रणालीले सहयोग पुर्याउन सकोस्, त्यो पनि ध्यान पुर्याएर नै संसदको आकार पनि घटाउन सकिन्छ । अनि ४/५ प्रतिशत जनताले आफ्नो रोजाइ फेर्दा सत्ता परिवर्तन हुने लोकतान्त्रिक समाधानमा पुग्न सकिन्छ ।

आजको दिनमा प्रमुख पार्टीहरूको तागत ३०/३४/३६ प्रतिशत भोट ल्याउने भयो भने कांग्रेस र एमालेको जस्तो प्रतिस्पर्धा हुन्छ । यो अवस्थामा एउटा पार्टीले ३/४ प्रतिशत अर्को पार्टीले पाउने गरेको मत पाउनासाथ बहुमत पाउन सक्ने वा बहुमतको नजिक-नजिक पुग्न सक्ने हुन्छ ।

पहिलो संविधानसभामा ३० प्रतिशत मताधारबाट आज ११/१२ प्रतिशतमा पुगेको माओवादीले कहीं न कहीं जोडिन खोज्ने भयो । यसैको प्रतिफल हो केपी शर्मा ओली नेतृत्वको वाम गठबन्धन र अहिलेको कांग्रेसले बनाएको गठबन्धन । हिजो वाम गठबन्धनको नाममा भयो, आज संविधान जोगाउने नाममा भयो, भोलि अर्को नाममा हुन्छ । यस्तो अवस्थामा कांग्रेस र एमाले जस्ता तागत भएका पार्टीहरूसँग जोडिएर माओवादी जस्ता पार्टीले चुनाव लड्नु स्वाभाविक हुने गर्छ ।

तर ३० प्रतिशत नाघेको दुई प्रमुख पार्टी हुने र एउटा एक्लै लड्न नसक्ने १० प्रतिशत हाराहारी मत भएको अर्को पार्टी हुँदासम्म एउटालाई पार्टनर चाहिन्छ, ठूला दलहरूलाई साना दलको हात लिएर अर्को सरकार बनाउने अवसर हुनेभयो ।

अहिलेको निर्वाचन प्रणालीमा संशोधन र परिमार्जन नहुँदासम्म ४/५ प्रतिशत मतदाताले आफ्नो मत परिवर्तन गर्दा पनि सत्ता परिवर्तन हुन्न । वास्तवमा सत्ता जनताले होइन, काठमाडौंमा पार्टीहरूको बैठकले तय गर्ने भयो । पार्टीका नेताहरूको केमेस्ट्रीबाट तय हुनेभयो । पार्टीका नेताहरूले एकअर्कालाई झुक्याउन सक्ने कलामा निर्धारित हुनेभयो । यसले लोकतन्त्रलाई नै कमजोर बनाउँछ ।

त्यसैले २७५ सदस्यीय प्रतिनिधिसभालाई घटाएर २१५/२२०/२२५ मा ल्याउन सक्यौं भने ४/५ प्रतिशत जनताले आफ्नो मत परिवर्तन गर्दा सत्ता परिवर्तन हुनसक्छ । ३०/३५ प्रतिशत जनमत भएको पार्टीले एक्लै बहुमत ल्याउन प्रयास गर्छ, त्यो सम्भव नभए चुनावपछि १०/१२ सिट भएको अर्को पार्टीको साथ लिएर सरकार बनाउन सक्छ । चुनाव अगाडि गठबन्धन गरिराख्नु पर्दैन ।

यो प्राप्त गर्ने बाटो भनेको कांग्रेस र एमाले संविधान संशोधन गर्ने बाटोमा हिंड्नुपर्यो । यसमा देशको रुचि र चाहना मात्र होइन, कांग्रेस र एमालेको स्वार्थ पनि जोडिएको छ ।

नयाँ आएका दलहरूलाई पनि भोलिको दिनमा ३० प्रतिशत भोट कटाउँछु भन्ने आत्मविश्वास छ भने उनीहरू पनि सरकार निर्माण गरेर आफ्ना नीति, कार्यक्रम अनुसार देश चलाउने बाटो यही हो । नभए उनीहरूको टाउको पनि कांग्रेस र एमालेको जस्तै ग्लास सिलिङ (अदृश्य अवरोधक)सँग ठोकिने नै हो । आज जसलाई उनीहरूले पुराना पार्टी भनिरहेका छन्, भोलि त्यही पार्टीहरूसँग हात मिलाएर गठबन्धन बनाएर चुनाव लड्नुपर्छ । गठबन्धन नबनाउने हो भने १०-२० सिट बढ्ला, तर सत्तामा जाने बाटो खुल्दैन । त्यसैले सरकारमा अरू कसैसँग सहकार्य नगरे पनि संविधान संशोधनका लागि संवाद सुरु गर्नुपर्छ । यसको प्रमुख सार सुशासन भएन भन्ने हो । यो तह र मात्राको भ्रष्टाचार मैले कहिल्यै देखेको थिइनँ ।

सुशासनको कुरा मात्रै गरेर घट्ने पनि होइन । जनतामा होइन, काठमाडौंका बैठकबाट सत्ता निर्माण हुने नियति रहँदासम्म विकास नगरी पैसा कमाउने बाटो खुला रहन्छ । नयाँ भुइँफुट्टा वर्ग जागेको छ, जसको काम सर कारको सम्पत्ति सस्तोमा निजी क्षेत्रलाई भाडामा दिन्छ र त्यसबापत (कमिसन) खान्छ । जनताको सम्पत्ति अधिग्रहण गर्दा महँगोमा लिने, त्यसबापत पनि खाने । त्यसैले कुनै आयोजना बनाउँदा मुआब्जा दिन सबै मिल्छन्, बनाउने बेला मिल्दैनन् । रुचि मिलेकाले विमानस्थलहरू बन्यो, जहाज ल्याउन, पर्यटक ल्याउन कसैलाई मतलब छैन । किनभने विमानस्थल बनेपछि हुने कमाइ भइसक्यो ।

काठमाडौंका बैठकबाट होइन, जनताको समर्थनको मत परिवर्तन हुँदा सत्ता निर्माण वा अन्त्य हुने शासन पद्धति न अपनाउँदासम्म शासन पद्धतिमा सुधार हुँदैन ।

(स्रोत: अनलाइनखबर)

# 'जोखिम न्यूनीकरण'को जोखिम

कार्ल बिल्ट

केही दिन यता एउटा नयाँ 'मन्त्र' गुञ्जिन थालेको छ । एकाएक अमेरिका र युरोपमा नीति निर्माताहरू चीनसँगको सम्बन्धमा 'जोखिम न्यूनीकरण' (डिरिस्किङ) शब्द भट्याउन थालेका छन् । यस शब्दले त्यसरी नै एकाएक सबैको मुखमुखमा बस्न पुगेको 'पारपाचुके' (डिकपलिङ)को ठाउँ लिएको छ । यसबाट पश्चिम र चीनबीचको सम्बन्ध पूरै तोड्न चाहिँ कोही पनि चाहँदो रहेनछ भन्ने पनि उजागर भएको छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्रसँग पारपाचुके नै गर्नु न त वाञ्छनीय हो न सम्भव नै हुन्छ । यसैले सबै नै बढी अस्पष्ट अवधारणामा सहमत भएको हुनुपर्छ ।

'डिकपलिङ' को अर्थ स्पष्ट बुझिन्थ्यो भने 'डिरिस्किङ'को व्याख्या जसरी गरे पनि हुन्छ । सबै आर्थिक गतिविधिमा जोखिम त अन्तर्निहित नै हुन्छ भने बजार अर्थतन्त्रमा जोखिमले अन्वेषण, वृद्धि र थप सम्पन्नतातर्फ लैजान्छ । जोखिमर हित अर्थ व्यवस्था सम्भव हुन्थ्यो भने यसले कुनै प्रतिफल दिने थिएन र वृद्धि अवरुद्ध हुनेथियो ।

विशाल बहुराष्ट्रिय कम्पनीहरूदेखि ससाना पारिवारिक व्यवसायसम्मका सबै आर्थिक पात्रहरू निरन्तर जोखिम र अवसरको लेखाजोखा गरिरहेका हुन्छन् र यी दुईका बीचमा समुचित सन्तुलन कायम राखिरहन चाहन्छन् । हुनत, कुनै कुनै जोखिम टार्नै नसकिने हुन्छ तैपनि त्यसको जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने कोसिस गरिन्छ । यस अर्थमा जोखिम न्यूनीकरण खुला अर्थतन्त्रको स्थिर एवं विवादरहित विशेषता हो र राष्ट्रिय अर्थतन्त्रको जोखिम न्यून गर्न त सबै आर्थिक खेलाडीहरू प्रयत्नरत नै रहन्छन् ।

चीनका सन्दर्भमा अधिकतर पश्चिमी कम्पनीहरूको जोखिम मूल्याङ्कन त्यस मुलुकको बढ्दो राज्य केन्द्रित र सुरक्षामुखी आर्थिक नीतिहरूका प्रतिक्रियामा बदलिन थालिसकेको छ । अहिले चीनको वृद्धिको सम्भावना कमजोर भएको छ भने अर्थतन्त्र पनि कुनै बेलाको जस्तो आकर्षक छैन । लामै समयदेखि बलियो विश्लेषणात्मक दक्षता भएको मानिने बेइजिङको युरोपियन चेम्बर अफ कमर्सको पछिल्लो प्रतिवेदनले जोखिम बढ्दो र अवसर घट्दो रहेको चित्रण गरेको छ । यो निष्कर्ष वासिङटन वा ब्रसेल्सको राजनीतिक आग्रहमा नभएर पूर्णत: चीनकै वास्तविकतामा आधारित छ । चीनले बजार अर्थतन्त्र र खुलापन अपनायो भने युरोपियन च्याम्बरको मूल्याङ्कन पनि परिवर्तन होला ।

हालैका अनुभव हेर्ने हो भने विश्व अर्थतन्त्रको जीवनरेखा मानिने विश्व आपूर्ति शृङ्खलालाई धक्का र अवरोध सहन सक्षम बनाउन केन्द्रित हुनु बुद्धिमानी हुनेछ । धेरथोर सबै कर्पोरेट बोर्डहरूको एजेन्डामा यो समावेश रहेकै छ । यस अवस्थामा 'डिरिस्किङ' पनि एउटा काम नै हो व्यक्तिगत विषय होइन ।

नयाँ राजनीतिक प्रचारवाजीले भने यथार्थभन्दा फरक सन्देश दिएको छ । यसले आन्तरिक कारोबार र लगानीको वातावरण जस्तो भए पनि चीनसँगको व्यापार स्वभावत: जोखिमपूर्ण भएको जनाउँ छ । पश्चिमी नेताहरूमा चीनले व्यापार र अरू आर्थिक सम्पर्कलाई आफूलाई मन नपर्ने देश वा कम्पनीविरुद्ध राजनीतिक दबाब दिन प्रयोग गर्ला भन्ने डर बढ्दै गएको छ । खासै असर नपरे पनि चीनले अस्ट्रेलियाविरुद्ध यस्तो प्रयोग जो गरिसकेको छ ।

भविष्यमा व्यापार गुम्ने डरले विकल्प हुँदाहुँदै पनि अहिले नै व्यापार बन्द गर्नु उपयुक्त हो ? मृत्युको भयले सामान्यत: कसैले पनि आत्महत्या त गर्दैन नि । यस्तै चिनियाँ अधिकारीहरूले पनि तिनका अधिकांश आर्थिक दबाबका प्रयत्न विफल भएको यथार्थ आत्मसात् गर्ने अपेक्षा त अझै गर्न सकिन्छ । चीन सरकारको पुन: राज्य नियन्त्रित अर्थतन्त्रमा फर्कने नीतिका हकमा पनि यही लागु हुन्छ । यो अवधारणाले काम नगर्ने त इतिहासले नै देखाएको छ । अर्कोतिर पश्चिमी मुलुकहरूले न्यून कार्बन अर्थतन्त्रमा जानका लागि आवश्यक धातु र दुर्लभ खनिजतत्व (रियर अर्थ)को आपूर्तिको शृंखलामा चीनको नियन्त्रण भएको यथार्थ बिर्सन सक्तैनन् र विश्व बजारमा फोटोभोल्टिक सेल तथा विद्युतीय सवारी साधनको धेरै ठूलो हिस्सा चीनको नियन्त्रणमा छ । तेलजस्तै महत्वपूर्ण कच्चा पदार्थ जहाँ पाइए पनि खोज्नुपर्छ । यस्ता ठाउँ सधैं राजनीतिक दृष्टिबाट उपयुक्त स्थानमै हुन्छ भन्ने त छैन । विविधीकरणका माध्यमबाट आफ्नो आर्थिक कमजोरी र परनिर्भरता कम गर्नु बुद्धिमानी हो तर महत्त्वपूर्ण खनिज पदार्थ प्राकृतिकरूपमा नभएका ठाउँमा खोजेर त पाइँदैन ।

प्रमुख हरित प्रविधिमा मुख्य खेलाडीका रूपमा चीनले खडा गरेको चुनौतीको सामना गर्ने एउटामात्रै उपाय छ त्यो हो युरोपियन र अमेरिकी कम्पनीहरूले चिनियाँ कम्पनीसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ । त्यति गर्न नसक्दासम्म सस्तो र राम्रो चिनियाँ उत्पादनलाई उपेक्षा गर्नुको कुनै अर्थ हुँदैन । त्यसो गरिएमा युरोपियन र अमेरिकी कम्पनीलाई चीनलाई भेट्न कठिन हुनेछ र अन्तत: ऊर्जाको परिवर्तनमा ढिलाइ हुनेछ ।

उता चिनियाँ अधिकारीहरूले भने डिरिस्किङ र डिकपलिङमा खासै फरक नदेखेको बताएका छन् । उनीहरूको तर्कमा दम पनि छ । पश्चिमी रणनीतिकारहरूले त्यसको अर्थ के हो र के होइन भन्ने स्पष्ट नपारी नयाँ नयाँ शब्दमात्रै प्रयोग गरिरहने हो भने त्यसबाट लाभभन्दा हानि नै बढी हुनेछ । बढ्दो तनावले कसैको पनि हित गर्दैन । सम्बन्ध विच्छेद हुन रोक्नुपर्नेमा सबै सहमतै छन् । अबको काम हाम्रो आर्थिक सम्भावनामा क्षति हुनुभन्दा पहिले जोखिम न्यूनीकरणको अवधारणाको जोखिम कम गर्नु हुनुपर्छ ।

(साभार: बाह्रखरी)

# ललिता निवास प्रकरणमा अदालतको आदेशले प्रहरीलाई राहत



काठमाडौं/प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले ललितानिवास जग्गा प्रकरणमा मंगलबार ७ जनालाई पक्राउ गर्‍यो ।

जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले रायसहितको अनुसन्धान प्रतिवेदन फिर्ता पठाइदिएको डेढ वर्षपछि सीआईबीले निकै गोप्य रुपमा पुरानो फाइल अघि बढाएको थियो । त्यसअनुसार मंगलबार विहान भाटभटेनी सुपर मार्केटका सञ्चालकदेखि पूर्व निर्वाचन आयुक्तसम्मलाई नियन्त्रणमा लिएको थियो ।

ब्यूरोले यसमा संलग्नता देखिएका थप मानिसहरुलाई पनि नियन्त्रणमा लिने तयारी गरेको थियो । तर ८० वर्षका कलाधर देउजाको परिवारका सदस्य १९ साउन २०७९ मा न्यायाधीश ईश्वर खतिवडाले दिएको आदेशको प्रतिलिपी लिएर ब्यूरोका अधिकृत भेट्न महाराजगञ्ज पुगे ।

मालपोत कार्यालय डिल्लीबजारमा २०४९ सालमा प्रमुख रहेका कलाधर देउजा, अधिकृत सुरेन्द्रमान कपाली र २०६२ सालमा मालपोत कार्यालयमा अधिकृत रहेका हुपेन्द्रमणि केसीले हारेको रिटमा सर्वोच्चका न्यायाधीश ईश्वर खतिवडाको इजलासले फेरि नियन्त्रणमा नलिन सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको खुल्यो । आदेशमा १७ जनालाई सरकारी लिखत कीर्तेसम्बन्धी कसूरमा पक्राउ नगर्न भनिएको थियो ।

हदम्यादको सन्दर्भमा समेत प्रश्न उठाउँदै आदेशमा भनिएको थियो, 'मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको भन्ने प्रश्नमा पछि न्यायिक प्रक्रियाका सन्दर्भमा यथोचित विवेचना र निरुपण हुने नै छ, यस पृष्ठिभूमिमा हेर्दा कीर्ते सम्बन्धी विवादित सन्दर्भलाई लिएर निवेदनहरुलाई अहिले नै थुनामा राखियो भने निजहरुको हक अधिकारमा अपुरणीय क्षति पुग्नजाने अवस्था देखियो ।'

यो आदेश पाएपछि २४० जनालाई पक्राउ गर्नुपर्ने भन्दै सूची बोकेको सीआईबी भस्किएको थियो । हुन त अदालतबाट पहिल्यै सीआईबीलाई पनि आदेशको प्रतिलिपी पुगेको थियो ।

'पुरानो विषय भएकाले मिसिलमा आदेशको प्रतिलिपी संलग्न रहेनछ, त्यसैले पक्राउ परेका व्यक्तिका परिवारले ल्याएपछि मात्र विषय थाहा भयो', ब्यूरोका एक अधिकृत भन्छन्, 'पहिले थाहा भएको भए फरक तरिकाले अपरेशन हुन्थ्यो, अन्तिममा भएकाले तीन जनालाई अदालत हाजिर गराउँदा सबै छुट्ने परिस्थिति बन्यो ।'

त्यसपछि ब्यूरोका प्रमुख एआईजी किरण बज्राचार्यसहित उच्च अधिकृतहरुको बैठक बस्यो र तीन जनालाई छाड्ने निर्णय भयो । तर, एउटै घटनामा तीन जना छुट्दा अदालतले अरुलाई थुनामा राख्न अनुमति नदेला कि भन्नेमा ब्यूरोका अधिकृतहरु सशंकित थिए ।

प्राय: अदालतबाट म्याद थप गरेपछि मात्र पक्राउबारे औपचारिक जानकारी दिने ब्यूरोले बुधबार भने आरोपीलाई अदालत लैजानुअघि बिहान ११ बजे पत्रकार सम्मेलन गर्‍यो ।

सीआईबी निर्देशक किरण बज्राचार्यले मुलुकी ऐन, २०२० अनुसारको कसूर भएकाले यसमा हदम्याद नलाग्ने जिकिर मात्र गरिनन्, स-सानो मुद्दामा पनि चलखेल हुने बताउँदै यथेष्ट प्रमाणले हदम्याद नाघिसक्यो भन्ने कुराको जवाफ दिने बताइन् ।

नभन्दै अदालतमा म्याद थप गर्न लैजाँदा पक्राउ परेकाहरुका कानुन व्यवसायीले सर्वोच्च अदालतको अन्तरिम आदेश देखाउँदै म्याद थप्न नहुने जिकिर गरे । 'सर्वोच्च अदालतले १७ जनाका लागि अन्तरिम आदेश दिएपनि यो सबै प्रतिवादीको हकमा लागू हुनुपर्छ भनेर हामीले तर्क गरेका थियौं', वरिष्ठ अधिवक्ता हरिहर दाहालले भने, 'थुनामा नराखी अनुसन्धान गर्न सकिन्छ भनेर सर्वोच्च अदालतले बोलिसकेपछि थुनामै राखेर गर्नुपर्छ भन्ने मान्यतालाई अघि सार्न कहाँ मिल्छ र भनेको थिएँ ।'

यो प्रकरणको हदम्याद समेत गुज्रिसकेको भन्दै वरिष्ठ अधिवक्ताहरु सुशील पन्त र रमण श्रेष्ठले पनि बहस गरेका थिए । पन्तले एउटै मुद्दामा कसैलाई बाहिर र कसैलाई भित्र राखेर अनुसन्धान गर्न न्यायोचित नहुने बताए ।

आरोपीका पक्षका वकिलहरुले गृह मन्त्रालयको समर जंग कम्पनीले २५ माघ २०७६ मा जाहेरी दिएको र अहिले त्यसको साढे ३ वर्ष पुग्न लागिसकेको भन्दै यसमा हदम्याद नाघिसकेको जिकिर गरे । 'यसमा दुई वर्षअघि नै अदालतमा अभियोग पत्र दर्ता भइसक्नुपर्थ्यो, सरकारले पनि त्यतिबेला गरेन', वरिष्ठ अधिवक्ता दाहाल भन्छन् । आरोपी पक्षका वकिलहरुले यस्तो जिकिर गरिरहँदा न्यायाधीश वासुदेव पौडेल चुपचाप सुनिरहेका थिए ।

अन्तिममा न्यायाधीश पौडेलले सीआईबीका अधिकृतहरुलाई तीन आरोपीलाई छाड्नुको कारण सोधे । अधिकृतहरुले सर्वोच्च अदालतको आदेशका कारण छाडिएको सुनाए । त्यसपछि न्यायाधीश पौडेलले बाँकी चार जनाको हकमा केही नबोलिएको भन्दै थप अनुसन्धानका लागि ७ दिन हिरासतमा राख्न अनुमति दिए । अदालतको यो आदेशपछि ब्यूरोका अधिकृतहरुलाई राहत पुगेको छ ।

तर, आरोपीहरुले बन्दीप्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च अदालत जाने तयारी गरि रहेका छन् ।

**चार मुद्दामा ४०६ जना अनुसन्धानको दायरामा**

ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यका अनुसार अनुसन्धानका क्रममा २०४९ सालदेखि २०७० सालसम्म चारपटक सरकारी कागजात कीर्ते गरेर ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा सारिएको भेटिएको छ । सीआईबीका अनुसार २०४९, ०६२, ०६७ र ०६९ सालमा गरी चारपटक सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरिएको छ ।

हरेक चरणमा कीर्ते कागजातका आधारमा जग्गा हत्याउने काम भएकाले चारवटा छुट्टाछुट्टै मुद्दा दर्ता गरिने ब्यूरोका अधिकृतहरु बताउँछन् । 'व्यक्तिहरु दोहोरिएकाले चार वटै मुद्दामा गरेर ४०६ जना प्रतिवादी हुन्छन्', एक अधिकृत भन्छन्, 'दोहोरिएको नाम हटाउने हो भने २४० जनाविरुद्ध अनुसन्धान गर्नुपर्ने देखिन्छ ।'

२०४९ र २०६२ सालमा मालपोत कार्यालयको निर्णयका आधारमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको सीआईबीको निष्कर्ष छ । त्यसैले ब्यूरोले मालपोतका तत्कालीन कर्मचारीहरुलाई पनि नियन्त्रणमा लिएको थियो । तर, तीमध्ये तीन जनालाई मंगलबारै छाडिएको छ ।

छाडिएकामध्ये कलाधर देउजाले पहिल्यै सीआईबीमा कागज गर्दै तत्कालीन फाँटवाला युक्त श्रेष्ठ, नायब सुब्बा जगत पुडासैनी र मालपोत अधिकृत सुरेन्द्रमान कपालीले पेश गरेको टिप्पणीका आधारमा आफूले निर्णय गरेको जिकिर गरेका छन् ।

'जग्गाको हदबन्दीको विषयमा सुवर्ण शमशेरका हकवालामा ५ परिवार (रुक्मशमशेर, हाटक, हेमाद्री, शैलजा र सुनीति) देखिएको हो, सर्सर्ती मिसिल हेर्दा भूमिसम्बन्धी ऐन (हदबन्दी) बमोजिम कानुन अनुसार हदबन्दीभित्रै पर्ने देखिएकाले यसमा अरु छानबिन नगरी नै जग्गा फिर्ता दिइएको हो', देउजाको जिकिर छ, 'जग्गा फिर्ता दिने सम्बन्धमा उठेको फाइल मिसिलको जिम्मा सम्बन्धित फाँटवालाको हो, मेरो होइन ।'

२०६७ र ०६९ सालमा भने गलत कागजात तयार गरी मन्त्रिपरिषदको निर्णयका आधारमा जग्गा व्यक्तिका नाममा दर्ता भएको सीआईबीका अधिकृतहरु बताउँछन् । पञ्चायतकालमा सरकारले मुआब्जा दिई अधिग्रहण गरेको ललितानिवासको जग्गा २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि जफत गरेको भन्ने अर्थ लगाएर व्यक्तिको नाममा दर्ता भएको अधिकतृहरु बताउँछन् ।

तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले पञ्चायतकालमा राजनीतिक आस्थाका कारण कुनै व्यक्तिको जग्गा जफत भएको भनी अनुसन्धान गरेर फिर्ता दिने निर्णय भएको थियो । सीआईबीले हरेक चरणमा क-कसको संलग्नता थियो भन्ने विषयमा सुक्ष्म अनुसन्धान गरेको निर्देशक किरण बज्राचार्य बताउँछिन् ।

प्रहरीले यो जग्गा अनियमितताको योजनाकार शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई मानेको छ । प्रहरीले उनीहरुको पहिल्यै बयान लिइसकेको छ । २०६६ र ०६७ सालमा पनि ललितानिवासको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको देखिने अधिकृतहरु बताउँछन् ।

प्रधानमन्त्री कार्यालय विस्तारका नाममा केही जग्गा प्रधानमन्त्री निवासमा पारिएको अनुसन्धानका क्रममा खुलेको छ । त्यो जग्गामा मोही रहेको भन्दै शोभभर्ना दिने नाममा सरकारी जग्गा व्यक्तिको नाममा बाँडिएको एसएसपी आचार्य बताउँछन् । यसमा प्रहरीले मालपोत अधिकृत हरिकृष्ण तिमिल्सिनादेखि अख्तियार प्रमुख भइसकेका तत्कालीन सचिव दीप बस्न्यातमाथि समेत छानबिन गरिरहेको छ ।

२०६९ सालमा नक्कली पशुपति टिकिन्छा गुठी कायम गरी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको थियो । यो घटनामा निजामती प्रशासन लगायत गुठी संस्थानका कर्मचारी र पदाधिकारीमाथि पनि छानबिन चलिरहेको छ । यसमा सहसचिव तेजराज पाण्डे र सचिव दिनेशहरि अधिकारीमाथि समेत छानबिन चलिरहेको अधिकृतहरु बताउँछन् । ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म निर्माणको तयारीमा 'बले', हिरो पनि आफैं



काठमाडौं/चर्चित हाँस्य टेलिश्रृंखला 'भद्रगोल' र 'सक्किगोनि'मा निर्वाह गरेको 'बले' चरित्रले एकाएक चर्चामा आएका सागर लम्साल अब आफैं फिल्म निर्माणको तयारीमा जुटेका छन् । केही समयदेखि उनी आफैंले फिल्मको स्क्रिप्ट लेखिरहेका छन् । आगामी वर्ष फिल्मको छायांकन सुरु गर्ने योजनामा लम्साल छन् । उनले निर्देशक समेत अनुबन्धित गरिसकेका छन् । तर, नाम भने खुलाउन चाहेनन् ।

कमेडी, एक्सन र लभस्टोरी कथामा बन्ने फिल्ममा आफ्नै मुख्य भूमिकामा रहने समेत उनले जानकारी दिए । नाम तय नभैसकेको फिल्मका लागि अभिनेत्रीको टुंगो लागेको छैन । 'बले'ले यसअघि केही फिल्ममा काम गरिसकेका छन् । 'लोफर'बाट फिल्ममा ब्रेक पाएका उनले 'लज्जा र हैरान' फिल्ममा पनि अभिनय गरेका छन् । तर, ५ वर्षदेखि उनले अफर आएका फिल्म गरिरहेका छैनन् ।

फिल्मको प्रस्ताव नकार्नुको कारणबारे उनले भने, 'केही फिल्मको अफर आएको थियो । तर, पहिला आफ्नै समुह (सक्किगोनि) र आफ्नै होम प्रोडक्सनको फिल्म गर्छु भनेर काम नगरेको हुँ । 'सक्किगोनि' समुहको यस वर्ष फिल्म निर्माण हुन्छ अनि म अर्को वर्ष आफ्नो फिल्म निर्माण गर्छु । त्यसपछि स्क्रिप्ट, क्यारेक्टर र टिम राम्रो लागेको खण्डमा बाहिरी ब्यानरको फिल्म पनि निरन्तर गर्छु ।'

कोरोना महामारीभन्दा अघि 'सक्किगोनि' समुहले 'फनफनी' नाममा फिल्म बनाउने तयारी गरेको थियो । निर्देशकमा निश्चल बस्नेत र अभिनेतामा विपिन कार्कीलाई फाइनल गरिएको थियो । तर पछि निश्चलले फिल्मबाट हात झिके । विपिन भने सम्झौतामै छन् । 'फनफनी' नाम 'सक्किगोनि' समुहबाट उम्किसकेको छ । एक निर्माताले यो नाम चलचित्र विकास बोर्डमा दर्ता गरिसकेका छन् ।

# के शिल्पा फेरि बोल्ड सिनका लागि तयार छिन् ?



काठमाडौं/हलिउड र बलिउड दुवै फिल्मको अनुभव बटुलिसकेकी अभिनेत्री शिल्पा मास्के नेपाली फिल्ममा आफूलाई 'भर्सटायल' सावित गर्न प्रयासरत छिन् । कुनै फिल्ममा लभर गर्ल बनेकी उनी कुनैमा सोझी युवतीको रुपमा प्रस्तुत भएकी छन् । यही शुक्रबार (पर्सि)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'परस्त्री'मा त उनको क्यारेक्टरले 'सरप्राइज' बनाउनेछ । फिल्ममा उनको प्रशस्त बोल्ड सिन छ ।

ट्रेलर रिलिजपछि शिल्पाको बोल्ड सिनलाई लिएर चर्चा उत्कर्षमा छ । फिल्म भारतका हलमा समेत प्रदर्शन हुन लागेकाले भारतीय मिडिया र दर्शकमा पनि चर्चाको विषय बनेको छ । 'परस्त्री' रिलिजपछि शिल्पालाई यसखालको भूमिका ओइरिन सक्ने देखिन्छ । यो कुरा उनले फिल्म साइन गर्दा नै बुझिसकेकी थिइन् । अब आफूलाई स्टेरियोटाइप बनाउन खोजिनेछ भन्नेमा उनी सचेत छिन् ।

फिल्मको भारत प्रचारको क्रममा आजतक टीभीसँग कुराकानी गर्दै उनले भनिन्, 'मैले 'परस्त्री'मा काम गर्ने निर्णय गरेपछि नै यसले पार्ने प्रभावबारे जानकार थिएँ । यो फिल्मपछि मलाई स्टेरियोटाइप गरिन्छ भन्नेमा अवगत थिएँ/छु । शिल्पाले अब यस्तो खालको क्यारेक्टर गर्न सक्छ भन्ने मेकरलाई पर्नेछ र त्यस्तै खालको फिल्महरु अफर आउनेछ । म यसलाई सकारात्मक रुपमा नै लिन्छु ।'

स्क्रिप्ट, क्यारेक्टर र टिम राम्रो भएको अवस्थामा बोल्ड क्यारेक्टर गर्न आफू तयार रहेको उनी बताउँछिन् । शिल्पा अगाडि भन्छिन्, 'स्क्रिप्ट, क्यारेक्टर र मेकर राम्रो भए म आगामी फिल्ममा पनि बोल्ड क्यारेक्टर गर्न तयार हुनेछु । स्क्रिप्ट र क्यारेक्टर नै राम्रो छैन । मेकरप्रति मलाई विश्वास नै लागेन भने त गर्दिनँ ।' 'परस्त्री' नेपालका लागि नयाँ रहेको पनि शिल्पाले आजतकसँग बताएकी छन् ।

'यसप्रकारको फिल्म भारतमा धेरै बनेको छ । तर, नेपालका लागि नयाँ हो । यस्तो खालको फिल्म नेपालमा खासै धेरै बन्ने गर्दैनन् ।

यसकारण पनि हाम्रो लागि यो फिल्म एकदमै चुनौतीपूर्ण थियो,' उनले अन्तर्वार्तामा भनिन्, 'फिल्मको आकर्षक पक्ष भनेको यसको स्टोरी लाइन (स्क्रिप्ट) हो । फिल्म एक्स्ट्रा म्यारिटल अफेयर (विवाहेतर सम्बन्ध)को कथामाथि बनेको भएपनि सस्पेन्स उतिक्कै छ ।'

# हरर फिल्मप्रति प्रियंकाको मोह

काठमाडौं/प्राय: नेपाली कलाकार हरर फिल्मदेखि तर्सिन्छन् । अर्थात् काम गर्न रुचाउँदैनन् । यसको एउटै कारण हो, नेपालका हरर फिल्मले दर्शक तर्साउन सकेका छैनन् । र, नेपालमा यो जनराको सफलता दर शून्य बराबर छ । त्यसैले कलाकारहरुको रोजाईमा हरर जनरा पर्दैन । अभिनेत्री प्रियंका कार्कीमा भने हरर फिल्मप्रति विछट्टै मोह देखिन्छ । नेपालमा धेरै हरर फिल्म गर्नेमा उनै पर्छिन् ।

'आवरण', 'माला' र 'चि मुसी चि' गरी तीनवटा फिचर हर र फिल्ममा काम गरिसकेकी प्रियंकाले सर्ट फिल्म समेत हरर जनराको नै रोजेकी छन् । उनले अभिनय गरेको सर्ट फिल्म 'किचकन्डी' दुई हप्ताअघि युट्युबमा सार्वजनिक भएको छ । १५ मिनेटको उक्त फिल्ममा अंग्रेजी भाषाको प्रयोग बढी छ । प्रियंकाको शरीरमा भूतको आत्मा पसेपछिको घटनाक्रमलाई फिल्ममा देखाइएको छ ।

हरर प्रियंकाको रोजाईको जनरा हो वा हरर जनराले प्रियंकालाई रोजिरहेको हो, त्यो बुझ्न गाह्रो छ । तर, हरर जनराले व्यावसायिक सफलता भने उनलाई दिन सकेको छैन । हरर जनराको सर्ट फिल्मलाई समेत युट्युबमा भ्यूजको खडेरी छ । युट्युब रिलिजको तीन हप्तामा जम्मा २५ हजार भ्यूज छ । प्रतिक्रिया पनि खासै गतिलो मिलेको छैन । केहीले फिल्मलाई अल्छिलाग्दो भनेका छन् ।

गत वर्ष प्रियंकाको दुई फिल्म 'चि मुसी चि र फूलवारी' प्रदर्शन भएका थिए । यसपछि उनले नयाँ फिल्म साइन गरेको जानकारीमा छैन । बरु उनी विभिन्न टीभी रियालिटी शोमा निर्णायकको रुपमा व्यस्त छिन् ।

**श्री मालपोत कार्यालय मकवानपुरबाट**
**मिति २०८०।०३।१३ मा जारी भएको श्रेस्ता बदर सम्बन्धी**

## हकदाबीको पैतिस दिने सार्वजनिक सूचना

निवेदन-रुपक राज बज्राचार्य    बदर हुने श्रेस्ताको ज.ध.-कन्या कुमारी सारु मगर

यसमा जिल्ला मकवानपुर हाल हेटौंडा उपमहानगरपालिका वडा नंबर १ को निवेदक रुपक राज वज्राचार्यले निजको नाममा दर्ता कायम रहेको जिल्ला मकवानपुर हेटौंडा वडा नम्बर १ को कि.नं. ९६ को क्षेत्रफल ज.वि. ०-०-८.५ जग्गा साविक जग्गाधनी कन्या कुमारी सारु मगर्नीबाट ओम कुमारी थापा मगरलाई, ओम कुमारी थापा मगरबाट मिन बहादुर घिसिङलाई र मिन बहादुर घिसिङबाट निज निवेदक रुपक राज बज्राचार्यले २०४६/०१/०४ मा खरीद गरी लिएको र उल्लेखित जग्गा बैंकिङ्ग कारोबारको लागि धितो समेत राखी हाल रोक्का रहेकोमा उल्लेखित जिल्ला मकवानपुर हेटौंडा वडा नम्बर १ को कि.नं. ९६ को क्षेत्रफल ज. वि. ०-०-१३.५ जग्गा कन्या कुमारी सारु मगरको नाममा समेत श्रेस्ता कायम देखिएको र स सम्बन्धमा नापी कार्यालयबाट च.नं. १०२/२०७८/०८/१६ मा नापी कार्यालयबाट कन्या कुमारी सारु मगर्नीको नाममा जिल्ला मकवनपुर हेटौंडा वडा नम्बर १ को कि.नं. ९६ को क्षेत्रफल ज. वि. ०-०-१३.५ को फिल्ड बुक तयार भई सो क्षेत्रफल मध्ये ज.वि. ०-०-५ जग्गा कि.नं. ५३० मा 'S' जनी क्षे.फ. सुधार भइ कन्या कुमारी सारु मगर्नी बदर भई ओम कुमारी मगर कायम गरी प्र. ना. अ. क्याम्पको द.नं. २६१२ मिति २०३९/१/५ को तोकादेश अनुसार जग्गा दर्ता भएको र उल्लेखित ओम कुमारी मगरको नाममा जग्गा दर्ता श्रेस्ता कायम रहनु पर्ने देखि हाल उक्त कित्ता जग्गा रुपक राज बज्राचार्यको नाममा विभिन्न मितिमा पारित लिखत प्रमाणको सारभुत रुपम कायम गरिदिनु पर्ने भनी पत्र प्राप्त हुन आएको र कन्या कुमारी सारु मगरको हालको अवस्थाको सम्बन्धमा एकिन हुन नसकेको हुँदा म्याद सरहको ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी म्याद भुक्तान भएपछि पेश गर्नु भनी कार्यालयबाट भएको आदेश, बमोजिम यो पैतिस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निज निवेदकको मागदावी निवेदन गलत भएमा वा निवेदकले मागदावी गरे बमोजिम कन्या कुमारी सारु मगरको नाममा कायम रहेको हेटौंडा वडा नम्बर १ को कि.नं. ९६ को क्षेत्रफल ज. वि. ०-०-१३.५ जग्गाको श्रेस्ता बदर गरिदिँदा कोहि कसैलाई फरक पर्ने भएमा वा श्रेस्ता बदर गर्न नहुने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको पैंतिस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण उपस्थित हुन आउनु होला । अन्यथा निवेदकको मागदावि निवेदन बमोजिम संसोधन भई श्रेस्ता कायम भई जानेछ । पछी कुनै उजुर बाजुर लाग्ने छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७९/१२/२९ गते हेटौंडा-४ पारिजात पथमा पार्किङ्ग गरिराखेको अवस्थाबाट करिब साँझ ७:०० बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ९६३
**मोटरसाइकल धनीको नाम:** प्रदिप रिमाल, हेटौंडा-८, कमाने, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो रातो
**चेचिस नम्बर:** MD2A13EXXMCE91106
**इन्जिन नम्बर:** DKXCME11851
**सम्पर्क फोन नम्बर:** ९८४५५९९९१३

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा**
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ।
www.sajhakuranews.com

# चिउरी, चेपाङ र चमेरो समेटिएको पुस्तक बिमोचन

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरीमा 'चिउरी, चेपाङ र चमेरो: एक नयाँ आयामको खोजी' पुस्तक बिमोचन गरिएको छ ।



डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख बिष्णुप्रसाद आचार्यद्वारा लिखित पुस्तक बुधवार प्रदेश सरकारकी वन तथा वातावरण मन्त्री मसिना खड्काले बिमोचन गरेकी हुन् । पुस्तकमा चेपाङ समुदाय, चिउरीको उपयोगीता र सम्भावना तथा चमेरोको विषय समेटिएको छ । यी तीनै विषय जिल्लाको राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकासँग सम्बन्धित छ । पुस्तक बिमोचन समारोहलाई सम्बोधन गर्दै वनमन्त्री खड्काले चेपाङको संस्कृतिसँग जोडिएको चिउरीको रुख जोगाउन सके पश्चिम मकवानपुरमा बसोबास गर्ने चेपाङ समुदायको आर्थिक समुन्नति हुने बताइन् ।

मन्त्री खड्काले चिउरी बहुउपयोगी बृक्ष भएकोले यसको संरक्षणसँगै उपयोगितामा जोड दिएकी छन् । खड्काले चिउरीको संरक्षण गर्दै यसका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन र नीतिगत व्यवस्थाका लागि प्रदेश सरकारको तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएकी छिन् । त्यसैगरी बागमती प्रदेश सरकारका पूर्वराज्यमन्त्री एबम् चेपाङ अगुवा सन्तबहादुर चेपाङले चिउरी प्रवर्द्धनका लागि आफूले पटकपटक पहल गरेको बताउँदै अहिले वन तथा वातावरण मन्त्रालयमार्फत बजेट बिनियोजन हुनुपर्ने चिउरी संरक्षणको लागि अन्य मन्त्रालयले कार्य गर्न लागेकामा असन्तुष्टि समेत जनाए ।

वन तथा वातावरण मन्त्रालयका सचिव यज्ञनाथ दाहालले २८ बर्षअघि आफू कबुलियती वनको प्राविधिकको रुपमा आउँदा पनि चिउरी संरक्षणकै बहस भइरहेको र अहिले पनि त्यही बिषयमा बहस भइरहेको पाएकाले सरकारले गर्नुपर्ने काम र समुदायले निर्वाह गर्नुपर्ने भूमिका स्पष्ट नभएसम्म प्रश्न उठिरहने बताए । दाहाले चिउरी संरक्षणलाई आर्थिक पाटोसँग जोडेर अध्ययन गरिनुपर्ने भन्दै हरेक दृष्टिकोणले चिउरीको संरक्षण हुनुपर्नेमा जोड दिए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले चिउरी संरक्षण, सालक संरक्षणमा डिभिजन वन कार्यालय राप्तीले अग्रसरता देखाइ काम गरिरहेको बताए । कार्यक्रममा डिभिजन वन कार्यालय चितवनका प्रमुख लोकराज नेपाल, चिउरीको बिषयमा पिएचडी गरिरहेका श्रीहरि भट्टराई, राक्सिराङ गाउँपालिका-८ का वडाध्यक्ष हविल प्रजा, ५ का वडाध्यक्ष हरि प्रजा, कार्यपालिका सदस्य सिंगलाल प्रजासहितका जनप्रतिनिधि, विभिन्न सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, चिउरी व्यवस्थापनमा ध्यान दिइरहेका विभिन्न सामुदायिक वनका प्रतिनिधि र उपभोक्ताले चिउरीको जगेर्ना, विकास र बजार व्यवस्थापनमा चासो व्यक्त गरेका थिए ।

डिभिजन वन कार्यालय राप्ती र राक्सिराङ गाउँपालिकाको संयुक्त पहलमा प्रकाशित पुस्तक मन्त्री खड्काले चेपाङ समुदायलाई हस्तान्तरण गरी सार्बजनिक गरेका थिए । पुस्तकका सन्दर्भमा लेखक एबम् डिभिजन वन कार्यालय राप्तीका प्रमुख बिष्णुप्रसाद आचार्यले स्पष्ट पारेका थिए । कार्यक्रम सुरु हुनुअघि डिभिजन वन कार्यालय राप्तीको परिसरमा मन्त्री खड्काले चिउरीको बिरुवा रोपेका थिए ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षतामा भएको कार्यक्रममा चितवनको राप्ती नगरपालिका, मकवानपुरको राक्सिराङ गाउँपालिका क्षेत्रबाट चिउरी संरक्षणकर्मी सहभागिता रहेको थियो ।

# संरक्षित पूँजीफिर्ता कोषबाट पालुङ बहुउद्देसीयका सदस्य लाभान्वित

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ पालुङ बहुउद्देसीय सहकारी संस्थाले संरक्षित पुँजीफिर्ता कोषबाट सदस्यहरुलाई ७६ लाख ६० हजार रुपैयाँ फिर्ता गरेको छ ।



सहकारी सिद्धान्त तथा मूल्य, मान्यताबाट संचालित मकवानपुर जिल्लाकै उत्कृष्ठ सहकारी संस्था पालुङ बहुउद्देसीय सहकारी संस्थाले आर्थिक बर्ष २०७८/७९ को नाफाबाट छुट्याएको संरक्षित पुँजी फिर्ता कोषमा रहेको ७६ लाख ६० हजार ६ सय ५५ रुपयाँ बाँडफाँड गरेको विज्ञप्तीमार्फत् जानकारी दिएको छ । सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरुप सदस्यहरुले जम्मा गरेको बचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजका लागि ६० प्रतिशत भारको आधारमा रकम बाँडफाँड गरेको संस्थाले जनाएको छ ।

संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सम्बन्धित सदस्यको सहकारी संस्थामा रहेको बचत खातामा जम्मा गरिएको संस्थाका कार्यबाहक अध्यक्ष अरुण रायमाझीले बताए । उनकाअनुसार बचत र कर्जा कारोबार गर्ने ७ हजार ५ सय ५८ सदस्यहरु संरक्षित पूँजीफिर्ता कोषबाट लाभान्वित भएका छन् । पालुङ बहुउद्देसीय सहकारी संस्थाले थाहा नगरका बिभिन्न स्थानमा र हेटौंडामा सम्पर्क कार्यालयबाट सेवा प्रबाह गरिरहेको छ ।

बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेबापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचततर्फ १ लाख २ हजार ४ सय १३ रुपैयाँ तथा कर्जातर्फ ५९ हजार १ सय १६ रपैयाँसम्म प्राप्त गर्न सफल भएको संस्थाका मुख्य व्यवस्थापक प्रकाश पौडेलले बताए । 'सर्वोकृष्ट दिगो सहकारी' भन्ने परिकल्पनाका साथ यसअघि संस्थाले १८ प्रतिशत वार्षिक लाभांश वितरण गरेको थियो ।

हाल संस्थामा ६ हजार ५ सय भन्दा बढी सदस्य रहेका छन् । सहकारी संस्थामध्ये निरन्तर संरक्षित पूँजीफिर्ता कोषबाट सदस्यहरुलाई बचत र कर्जाको आधारमा रकम बाँडफाँड गर्ने मकवानपुरको पहिलो सहकारी संस्था हो । संस्थाले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजीफिर्ता कोषबाट रकम पाउने सम्पूर्ण सहकारी सदस्यलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत पालुङ बहुउद्देश्यीय सहकारी संस्थाबाट उच्च कारोबार गरी संरक्षित पूँजीफिर्ता कोषबाट लाभ लिनुहुन समेत विज्ञप्तिमार्फत अनुरोध गरेको छ ।

# ६७ दिने आधारभूत ब्युटीपार्लर तालिम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/जिल्लाको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा सञ्चालित ६७ दिने आधारभूत ब्युटीपार्लर तालिमको समापन भएको छ ।




गाउँपालिकाको आयोजना र हेटौंडा उपमहानगरपालिका-२, स्थित सुष्माज ब्युटीपार्लरको व्यवस्थापनमा गत २९ चैतदेखि ७ असारसम्म तालिम आयोजना गरिएको थियो । सुस्मा थापा मगर, कुमारी तितुङ र अन्जु तुम्सिङले प्रशिक्षण दिएको तालिममा बागमती गाउँपालिकाको २० जना महिलाको सहभागिता थियो । तालिममा सहभागीमध्ये उत्कृष्ट प्रशिक्षार्थीको रुपमा दीपा राउत र अनुशासित प्रशिक्षार्थीमा सरस्वती विक र उमा मोक्तानलाई सम्मान गरिएको छ । गाउँपालिकाले स्थानीय महिलालाई सीप प्रदान गर्दै स्वरोजगार बनाउने उद्देश्यले ब्युटीपार्लर तालिमको आयोजना गरेको गाउँपालिका अध्यक्ष सर्केश घलानले बताए ।

उनले पालिकामा भएका युवालाई विदेश जानबाट रोक्न शिक्षालाई सीप र सीपलाई जीवनसँग जोडेर विदेश पलायन हुनबाट रोक्ने योजना बनाएको बताए । घलानले गाउँलाई सहर बनाएर गाउँको युवालाई गाउँमै रोक्ने अभियान चलाइरहेको बताएका हुन् । युवालाई सीप सिकाएर स्वरोजगार बनाउनको लागि उनीहरुको ईच्छा अनुसारको तालिम दिने र तालिमपछि स्वरोजगार बनाएर गाउँमा नै बसाउन कार्यक्रम ल्याइने बताएका छन् । गाउँमा नै गुणस्तरीय शिक्षा, स्वास्थ्य र रोजगार सृजना गरिने योजना सुनाए ।

पालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले तालिमबाट केही भएपनि आत्मनिर्भर बन्न मद्दत पुग्ने बताए । पालिकाले नयाँ उद्यमी सिर्जना गर्न तालिम आयोजना गरेको उनको भनाई छ । ३ नम्बर वडाध्यक्ष कमानसिं पाख्रिनले तालिमले जीविकोपार्जनका लागि सहज हुने बताएका छन् । शिक्षालाई सीपमा जोडेर जीवनोपयोगी बनाएर आत्मनिर्भर बन्नुपर्ने उनको भनाई छ । पालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले तालिममा सिकेका सीपलाई प्रयोग गरेर लाभ लिन आग्रह गरे । कार्यक्रममा पालिकाका रोजगार संयोजक नागेन्द्र महतो, प्राविधिक दिनेश बानियाँलगायतको उपस्थिति थियो ।

# नयाँ प्रावधानपछि जिल्लामा ११ जनाले लिए नागरिकता

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ नयाँ प्रावधान अनुसार मकवानपुरका ११ जनाले वंशजका आधारमा नागरिकता प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार मंगलबार र बुधबार २ दिनमा ४ महिला र ७ पुरुषले वंशजको अधारमा नागरिकता प्राप्त गरेका हुन् ।

उनीहरुले सर्वोच्च अदालतको आदेशपछि जन्मका आधारमा नेपाली नागरिकता लिएका छन् । आइतबारबाट कार्यान्वयनमा आएको उक्त ऐन अनुसार मकवानपुरमा जन्म भएका र बसोबास गर्दै आएका व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । ऐन कार्यान्वयनमा आएको दिन आइतबार र सोमबार जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट नागरिकता जारी नभएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए । ती दुई दिन नयाँ ऐन अनुसार नागरिकता लिनको लागि कुनै पनि सेवाग्राही नआएको उनले बताए ।

उनले जिल्लाका सम्पूर्ण स्थानीय तहलाई जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरुका सन्तानले वंशजको नागरिकता लिन चाहेमा निवेदन लिई आवश्यक छानबीन र प्रक्रिया पूरा गरी सिफारिस गर्न निर्देशन दिइसकेको उनले बताए । उनका अनुसार नागरिकता प्रदान गरिएका ११ जना व्यक्तिलाई निवेदनको आधारमा बुवा आमा बीचको नाता प्रमाणितपत्र, जन्मदर्ता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, स्थायी बसोबास खुल्ने कागजपत्र, विद्युत् पानी, घर जग्गाको राजस्व तिरेको प्रमाणहरु संलग्न गरिएको छ ।

# हेटौंडा अस्पताललाई साढे ८८ लाखको सामग्री हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/रोटरी क्लब अफ मकवानपुरले मदनभण्डारी स्वाथ्य बिज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालका लागि स्वास्थ्य उपकरण सामग्री हस्तान्तरण गरेको छ ।

मुटु सम्वन्धी स्वास्थ्य समस्या भएकाहरुको उपचारमा सहयोग गर्ने उद्देस्यले बिबिध स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्ण कार्कीले बताए । बिभीन्न सामग्रीहरु ८८ लाख ६० हजार रुपैयाँका सामान हस्तान्तरण गरिएको हो ।

यसमा हेटौंडा उपमहानगरपालिका सहित बिभिन्न देशमा रहेका रोटरिएनहरुले सहयोग गरेका छन् । रोटरीले उपचारका लागि इको कार्डियो मेशिन हस्तान्तरण गरेको हो । सामग्री सहयोग गरेपछि हेटौंडा अस्पतालमा मुटु सम्वन्धी उपचार गर्नुपर्ने बिरामीका लागि सहज भएको मदनभण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले बताए । रोटरीले अस्पतालका लागि टीएमटी स्क्यान, इसीजी मेसिन, होल्टर सिस्टम मेसिन लगायतका सामग्री हस्तान्तरण गरेको हो ।

सामग्री हस्तान्तरण गर्नुअघि पत्रकार सम्मेलन गर्दै यसका बारेमा जानकारी गराइएको थियो । अस्पतालको सेवामा थप टेवा पुऱ्याउने उदेस्यले सामग्री हस्तान्तरण गरिएको रोटरीका अध्यक्ष कार्कीले बताए । कार्यक्रममा हेटौंडा अस्पतालका प्रमुख डाक्टर रामचन्द्र सापकोटा, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट लगायतले मन्तब्य व्यक्त गरेका थिए ।

# बागमतीमा ऐन बनेको ढेड वर्षपछि कार्यान्वयन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/प्रदेश उच्चशिक्षा ऐन प्रमाणीकरण भएको डेढ वर्षपछि बागमतीमा बल्ल कार्यान्वयन सुरु भएको छ ।

बागमती प्रदेश सरकारले प्रदेश उच्चशिक्षा ऐन कार्यान्वयन सुरु गरेको हो । प्रदेश उच्चशिक्षा ऐन प्रमाणिकरण १४ चैत २०७८ मा भएको थियो । ऐन बनेको लामो समयपछि बुधबार प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कार्यालय उद्घाटन गरेका छन् ।

प्रदेश उच्चशिक्षा परिषद् मुख्यमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय परिषद् समिति रहने व्यवस्था छ । परिषद्को सचिवालय सामाजिक विकास मन्त्रालयमा रहने व्यवस्था छ । कार्यालय उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले सार्वजनिक विश्वविद्यालय स्थापना गर्ने प्रतिबद्धता जनाए ।

उनले उच्चशिक्षा सम्वन्धी नीति तथा रणनीति तयार गर्ने र विश्वविद्यालयको सञ्चालनका लागि सामान्य नीतिगत मार्ग निर्देशन गर्न परिषदले भूमिका खेल्ने बताए ।

आर्थिक सहायता तथा अनुदानका सम्बन्धमा आधारभूत नीति तथा योजना सिफारिस गर्ने, गुणस्तर तथा सुशासनसम्बन्धी मापदण्ड सिफारिस गर्ने लगायतका कामहरु गर्न सहज हुने बताउँदै उनले प्रदेशलाई चाहिने जनशक्ति उत्पादन गर्न प्रदेश उच्चशिक्षा परिषदले भुमिका खेल्ने बताए ।

कार्यक्रममा प्रदेश सरकारका मुख्य सचिव मुकुन्द निरौलाले प्रदेश उच्चशिक्षा परिषदको कार्यालय स्थापना पछि कामहरु गर्न छिटोछरितो हुने बताउँदै यसबाट प्रदेशले उपलव्धीमुलक कामहरु हुनेमा जोड दिए ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका शिक्षा विकाश महाशाखा प्रमुख खुबीराम अधिकारीले प्रदेश उच्चशिक्षा परिषद्को गठन, व्यवस्था, सचिवालयको व्यवस्था, संरक्षण समिति, प्रदेश उच्चशिक्षा नियमावली २०७९ लगायतको बारेमा जानकारी दिए ।

# रास्वपा सांसद कांसकारलाई मकवानपुर सहित तीन जिल्लाको जिम्मेवारी

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ मकवानपुरकी समानुपातिक सांसद विन्दाबासिनी कांसकारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मकवानपुर सहित तीन जिल्लाको जिम्मेवारी दिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ७७ वटै जिल्लाको सम्पर्क सांसदको जिम्मेवारी तोक्दा कांसाकारलाई तीन जिल्ला भागमा परेको हो । प्रतिनिधिसभामा रहेका रास्वपाका २० जना सांसदलाई जिल्ला तोकेर सम्पर्कको जिम्मेवारी दिइएको हो । जसअन्तर्गत् कांसकारले मकवानपुर सहित स्याङ्जा र बाग्लुङको जिम्मेवारी पाएकी हुन् । उनी केही समयअघि मात्रै समानुपातिक सांसद बनेकी थिइन् । पार्टीले ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेपछि उनको ठाउँमा कांसकार सांसद बनेकी हुन् । एसिड पीडित कांसकारले यसअघि संसदमा एसिड पीडितहरुको पक्षमा आवाज उठाएकी थिइन् ।

अब कांसकारमाथि यी तीन जिल्लाबाट आएका जनसवालका विषयलाई प्रतिनिधिसभामा उठाउनुपर्ने पार्टीको निर्देशनात्मक जिम्मेवारी रहेको छ । 'तमाम नीतिगत सुधार र जनसवालका विषयमा हाम्रा सांसदहरुसँग देशभरका सचेत नागरिकले सीधा सम्पर्क गरी आफ्नो आवाज संसदसम्म बुलंद गर्न, आम आवाजलाई नीतिमा समेट्ने र अब्बल नीति र त्यसको कार्यान्वयन मार्फत् मुलुकको अवस्था बदल्नका लागि सांसदहरुलाई विभिन्न जिल्लाको सम्पर्क सांसदको जिम्मेवारी तोकिएको व्यहोरा सबैलाई विनम्र सुचित गर्दछौं ।', रास्वपाले उल्लेख गरेको छ ।

अत्यावश्यक अवस्थामा गर्नुपर्ने फोनबाहेक आफ्ना सूचना र सन्देशहरु ह्वाट्सएपमा पठाउन र जवाफको प्रतिक्षा गर्नसमेत रास्वपाले भनेको छ ।

यसैगरी, सांसद डोलप्रसाद अर्याललाई बारा, धादिङ, कञ्चनपुर र कैलाली, विराजभक्त श्रेष्ठले गुल्मी, दार्चुला, अछाम र पाल्पा, सन्तोष परियारलाई भक्तपुर, अर्घाखाँची, दैलेख र बाजुरा, निशा डाँगीलाई झापा, मोरङ, इलाम र सल्यान, मनिष झालाई धनुषा, रौतहट, रुपन्देही र बझाङ, गणेश पराजुलीलाई ओखलढुंगा, खोटाङ, सिराहा र डडेलधुरा, सोबिता गौतमलाई दोलखा, रामेछाप, सिन्धुपाल्चोक र जाजरकोट, सुमना श्रेष्ठलाई रसुवा, काठमाडौं, रुकुम (पूर्व) र रुकुम (पश्चिम)को जिम्मेवारी दिइएको छ ।

सांसद तोसिमा कार्कीलाई ताप्लेजुङ, पाँचथर, डोटी र ललितपुर, शिशिर खनाललाई रोल्पा, दाङ, सर्लाही र सप्तरी, हरि ढकाललाई सोलुखुम्बु, चितवन, नवलपुर र उदयपुर, डा. स्वर्णिम वाग्लेलाई गोरखा, पर्सा, बैतडी र तनहुँ, डा. चन्दा कार्कीलाई भोजपुर, सिन्धुली, मनाङ र महोत्तरी, असिम शाहलाई काभ्रेपलाञ्चोक, नुवाकोट, मुस्ताङ र कपिलवस्तु, लक्ष्मी तिवारीलाई प्युठान, परासी, बर्दिया र बाँके, अशोककुमार चौधरीलाई धनकुटा, तेह्रथुम, संखुवासभा र सुनसरी, शिव नेपालीलाई लमजुङ, म्याग्दी, पर्वत र कास्की, बिनिता कठायतलाई जुम्ला, कालिकोट, मुगु, हुम्ला, सुर्खेत र डोल्पाको जिम्मेवारी दिएको रास्वपाले जानकारी दिएको छ ।

# अपाङ्गता भएकालाई सहायता सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले ७० जना अपाङगता भएका ब्यक्तिलाई सहायता सामग्री वितरण गरेको छ । बुधबार एक कार्यक्रमबीच प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सहायता सामग्री वितरण गरेकी हुन् ।

मन्त्रालयको १५ लाख रुपैयाँमा गुणस्तरीय सामग्री हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले ह्विल चियर, कृत्रिम खुट्टा, बैसाखी, श्रबण यन्त्र, फोडिङ बेड, सेतो छडी लगायत अपाङगता सहायता सामग्री हस्तान्तरण गरेको हो । हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री लामाले युवा र महिलाको कार्यक्रम र बजेटमा पनि अपाङ्गता भएका ब्यक्तिको अधिकार रहेको बताएकी छन् । मन्त्रालयको आयोजनामा अपाङ्गता भएका ब्यक्तिलाई सहायता सामग्री बितरण गर्ने कार्यक्रममा उनले यस्तो बताएकी हुन् ।

मन्त्री मोक्तानको अनुसार अपाङ्गता भएका ब्यक्ति युवा र महिला पनि हुने हुनाले उक्त बिषयमा बिनियोजित बजेट तथा कार्यक्रममाथी अधिकार रहेको बताए । उनले सरकारको सीमित श्रोतसाधन र बजेटको कारण असीमित समस्याको समाधान गर्न नसकेपनि न्यूनीकरणको प्रयत्न गरिने बताइन् । मन्त्रालयले हस्तान्तरण गरिरहेको सहायता सामग्री पऱ्याप्त नभएपनि राहत भने हुने उनको भनाई छ ।

# सीतामा बृक्षरोपण गर्दै क्रान्तिकारी विद्यार्थी संगठन

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ अखिल (क्रान्तिकारी) मकवानपुरले सीता माविमा वृक्षरोपण गरेको छ । मनहरी-२, भुन्द्रुङटाँडीमा रहेको सीता माविलाई हरियाली र स्वच्छ वातावरण बनाउने उद्देश्यले वृक्षरोपण गरेको हो ।

दिनानुदिन पर्यावरणमा ह्रास हुँदै गइरहेको र यसको प्रत्यक्ष असर जीवजगतमा परेको अवस्थालाई मध्यनजर गर्दै केही हदसम्म वातावरण संरक्षणमा टेवा पुग्ने मनासयका साथ अखिल (क्रान्तिकारी) मकवानपुरले वृक्षरोपण दिवसको पूर्व सन्ध्यामा 'राष्ट्रका लागि विद्यार्थी जागरण अभियान-२०८०' अन्तर्गत सरसफाई, वृक्षरोपण तथा बगैंचा निर्माण कार्यक्रमको आयोजना गरेको हो ।

संगठनले यो वर्ष जिल्लाका सम्भावित विद्यालयमा आवस्यकता अनुसार सरसफाई, वृक्षरोपण तथा बगैंचा निर्माण गर्ने उद्देश्य लिएको छ । विद्यार्थी संगठनले गरेको वृक्षरोपण कार्यमा संगठनका सम्पूर्ण जिम्मेवार नेताहरु, सीता माविका शिक्षक, विद्यार्थी, युवा संगठन नेपाल मकवानपुरका पदाधिकारीहरु, वन डिभिजन कार्यालय मनहरी, मनकामना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह साथै नेकपा मकवानपुर र मनहरी-२ ले पनि सहयोग गरेको बताइएको छ ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य तथा नारायणी व्युरो इन्चार्ज विवेक सीको प्रमुख आतिथ्यता, सीता माविका प्रअ दुधलाल घलान, मनहरी-२ का वडाध्यक्ष राजकुमार पाखिन, सहायक प्रअ विशाल घलान, लोकहित सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष चन्द्रबहादुर मोक्तान, मनकामना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दिनेश सीलगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडाबाट लागूऔषधसहित बालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ असार/ हेटौंडा उपमहानगरपालिका-४ बाट लागुऔषध सहित दुई बालक पक्राउ परेका छन् । पक्राउ पर्नेमा चितवन, राप्ती नगरपालिका-१, लोथर बस्ने १७ बर्षीय र सोही ठेगाना बस्ने १४ बर्षीय बालक रहेका छन् ।

अस्थायी प्रहरी पोष्ट हरियाली मकवानपुरमा कार्यरत प्रहरी कर्मचारी कामको शिलशिलामा बजार आउने क्रममा पार्टी प्यालेस अगाडिबाट उनीहरुलाई लागुऔषध गाँजा सहित पक्राउ गरेको हो । पैदल हिडिरहेको अवस्थामा शंका लागेर चेकजाँच उनीहरुले भिरेको झोलाबाट लागुऔषध गाँजा १२ किलोग्राम बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना